# प्रगति प्रतिबेदन

<u>प्रस्तुत गर्ने</u>

वडा सचिब श्यामहरि दाहाल

७ नं. वडा कार्यालय ।

# परिचय

- यस वडा मनहरी गाउँपालिकाको मध्य क्षेत्रमा साविक मनहरी गा वि स वडा नं ३ र ६ मिलेर बनेको हो। मनहरी गापा वडा नं ६ र मनहरी गापा वडा नं ८ को विचमा पुर्व पश्चिम राजमार्ग संगै रहेको यस वडाको क्षेत्रफल ५.३८ वर्ग किमी रहेको छ। ११३३ प्रती वर्ग किमी जनघनत्व रहेको यस वडाको जम्मा घरधुरी १४२१ र जम्मा जनसंख्या ६०९४ जसमध्ये महिला ३०९५ र पुरुष २९९९ रहेको छ। यस वडाका मुख्य पर्यटकीय तथा धार्मिक क्षैत्रहरु बुद्ध शान्ति हरित पार्क, मनकामना मन्दिर, पर्षा राष्ट्रिय निकुन्ज प्रबेश द्वार रमौली पर्यटन क्षेत्रहरु हुन ।

यस ७ न वडाको बिशेषता

# योजनाको प्रगति विवरण सम्बन्धमा

| जम्मा संचालित योजना संख्या : ४९ |
|---|
| वडामा सम्झौता भएको : २७ वटा |
| गाउँपालिका मा सम्झौता भएको : २२ वटा |
| जम्मा फरफारक भएको : ४९ वटा |
| नोट : यस वडाको माने डाँडा रमौली जाने करिब १ किलोमिटर बाटो ढलान यहि आ बमा सम्पन्न भएको। |

# पंजीकरणको प्रगति सम्बन्धमा

- जन्म दर्ता - १६२
- मृत्यु दर्ता - ३९
- बिबाह दर्ता - ४७
- सम्बन्ध बिछेद - १
- बसाइ सराइ - १६८
- जम्मा घटना दर्ता - ४१७

# सामाजिक सुरक्षा तर्फ

- नया दर्ता गरिएको
- जेष्ठ नागरिक - ४५ जना
- जेष्ठ नागरिक दलित - ३ जना
- बिधवा र एकल महिला - १८ जना
- अति अशक्त अपांगता -३ जना
- बाल पोषण भता - १९ जना
- जम्मा = ८८ जना
- नोट : मृत्यु भै लगत कट्टा गरिएको संख्या : १५ जना

# राजश्व संकलन सम्बन्धमा

- नगदी तर्फः १००५२९७
- मालपोत तर्फः ५६४४५३

नोटः आ.व ०७६/७७ भन्दा करिव ४०% बढि राजश्व संकलन भएको ।

: घर वहाल कर मात्र तिन लाख भन्दा बढि उठाउन सफल

# अन्य प्रगतिहरु

- नया ब्यबसाय दर्ताहरु : १३० वटा
- यस वडामा भएका ८ वटा झगडा वडा बाटै मिलाइएको।
- ५ वटा भन्दा बढी बाल बिबाह रोकेको।
- वालवालिकहरुको लागि वडामै पुस्तकालय निर्माण गरिएको।
- ५० घरभन्दा वढीलाइ फाइदा हुने गरि कल धारा वितरण गरिएको।

# यस ७ न वडाको बिशेषता

१ मनहरी गाउँपालिकाको मात्र नभई राक्सिरांग गाउँपालिका र कैलाश गाउँपालिकाको समेत केन्द्र रहेको।

२ प्रमुख बस्तीहरुको रुपमा मनहरी बजार ,रमनटार,बिजौना र रमौली रहेको।

३ करिब ६० प्रतिशत भन्दा बढी भुमि ऐलानी रहेको।

४ तामांग ,ब्राम्हण ,क्षेत्रि लगायत चेपाङ्ग र बोटे जातिहरुको बाहुल्यता रहेको।

# चुनौती:

१ पर्याप्त राजस्व संकलन गर्ने अबस्था हुदा हुदै नसकिएको।

२ सफा खानेपानी पूर्ण रुपमा उपलब्ध गराउन नसकिएको।

३ राक्सिरांग र कैलाश गाउँपालिका बाट अत्याधिक बसाइसराइ गरि यस वडा मा जनघनत्व तिब्र रुपमा बढी रहेको।

४ बिधुत र इन्टरनेटको सहज पहुँच पुर्याउन नसकिएको।

# अवसर:

१ कृषि तथा बेमौसमी तरकारी खेतीको लागि पकेट क्षेत्रको रुपमा बिकास गर्न सकिने

२ सौराहा जतिकै बिशेषताहरु भएको रमौलीलाइ पर्यटकीय क्षेत्रको रुपमा बिकास गरि पर्याप्त पर्यटक भित्र्याउन सकिने।

३ पशुपालन ,दुग्ध उत्पादनको लागि उपयुक्त स्थान।

४ ब्यबसाय दर्ता र घरबहाल करबाट बार्षिक ५० लाख भन्दा बढी राजस्व संकलन गर्न सकिने।

५ माछा पालनको सन्दर्भले पनि उपयुक्त स्थान।

# सबल पक्ष:

१ वडा कार्यालयको आफनै भबन निर्माणाधीन अबस्थामा रहेको।

२ मदन भण्डारी रंगशालाको काम धमाधम अगाडी बढी रहेको।

३ माने डांडा देखि रमौली जोड्ने बाटोको काम सकिएको।

४ करिब १७ लाख राजस्व संकलन गरिएको।

५ बालमैत्री गाउँपालिका घोषणा  भएकोले यहाको बालबालिकाहरुको लागि पुस्तकालय बनाइएको।

६ करिब १०० घर भन्दा बढी घरधुरीलाइ फाइदा हुने गरि कल धारो उपलब्ध गराइएको।

७ १ माध्यामिक विद्यालय सहित ३ वटा विद्यालय रहेको

८ मनहरी स्वास्थ्य चौकीलाइ अस्पताल बनाउने काम सुरु भैसकेको।

# समस्याहरु

- विद्युत लाइन र इन्टरनेटको समस्याहरु
- सफा खानेपानी उपलब्धता नभएको
- ४ वर्षदेखी एउटै फोटोकपी मेसिनले काम गर्नु परेको
- भएको जनशक्तिले वडा कार्यालयमा काम गर्न एकदमै कठिन रहेको
- कार्यालयलाइ आवश्यक पर्ने स्रोत समाग्रीहरु समयमा उपलब्ध नभएको

# %= kmf]6f]x?M





**वडावासीहरुलाइ विद्युत मिटर वितरण गर्दै गरिएको**







**व्यवसाय तथा घटना दर्ता शिविर सञ्लालन कार्यक्रम**



# धन्यवाद ।